


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज ३ गते शुक्रबार ❑ 19 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## मुस्ताङका भेंडा-च्याङ्ग्रा पोखरामा बिक्री वितरण सुरु

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

हिमालपारीको जिल्ला मुस्ताङमा हुर्काइएका भेंडा-च्याङ्ग्रा यस बर्ष पोखरा क्षेत्रमा बिक्री वितरण गर्न सुरु भएको छ।

नेपालीहरुको महान पर्व वडा दशैं तथा शुभ-दीपावलीको अवसरमा परम्परागत रुपमा चल्दै आएको प्रचलन अनुसार यस बर्षका चाड पर्व लक्षित गरी पोखरा क्षेत्रमा व्यवसायीहरुले भेंडा च्यांग्रा बिक्री वितरण गर्न सुरु गर्नु भएको हो । पोखरा २५ हेमजा सुइखेत देखि, बिष्णुपादुका बिद्यालयको खेल मैदान हुदै याम्दीसम्मको क्षेत्रमा हाल पहिलो चरणमा ७ समुहले भेंडा च्यांग्रा बिक्रिको लागि पोखरामा ल्याउनु भएको हो । गत बर्षको तुलनामा यस बर्ष केही थोरै सहुलियतमा भेंडा च्यांग्रा बिक्री गर्न थालिएको सुक बहादुर तामाङले बताउनु भयो । उहाँको टिमले यस बर्ष एक सय ४० वटा भेंडा च्यांग्रा मुस्ताङको घिलिङबाट पोखरामा बिक्रिको लागि बुधबार दिउँसो मात्र ल्याएको बताउनुभयो ।



मुस्ताङमा बाटोको कारण यस बर्ष जोमसोमबाट सिधै ९ घण्टामा पोखरामा ल्याईएको जसका कारण बाटोमा विभिन्न ठाँउमा लाग्ने कर समेत तिर्न नपरेको उहाँले हामीलाई बताउनु भयो । उहाँहरुले मुस्ताङमै प्रति भेंडा-च्यांग्रा ३९ हजार देखि ४१ हजारसम्म तिरेकोले पोखरासम्म ल्याएर प्रति भेंडा-च्यांग्रामा ३/४ हजार मात्र नाफ राखेर बिक्रि गर्न लागेको उहाँले जनाउनुभयो । सम्झना फ्रेस हाउस समेत संचालन गरेको उक्त टिमले तयारी भेंडा-च्यांग्राको प्रति केजी २ हजार १ सयमा बिक्रि गर्न सुरु गर्नु भएको जनाउनु भयो । यसअ घि ४/५ दिन समय लगाएर मुस्ताङ देखि वेनीसम्म भेडा-च्यांग्रा हिडालेर ल्याउने गरिन्थ्यो । त्यस्तै हेमजाका ऋषिराम पौडेल र झपट पौडेल दुई दाजुभाईले यस बर्ष १ सय ६५ वटा भेंडा-च्यांग्रा माथिल्लो मुस्ताङबाट हाल हेमजाको बिष्णुपादुका माविको खेल मैदानमा बिक्रिको लागि ल्याउनु भएको हो । उहाँको टिमले कागवेनीबाट ८ घण्टामा सिधै ट्रकमा राखेर भेंडा-च्यांग्रा पोखरामा बुधबार बेलुका मात्र ल्याउनु भएको हो । चार्ड पर्व लक्षित गरी पोखरा सहितको बजारमा यस बर्ष करिब १० हजार भन्दा बढी भेडा-च्यांग्रा मुस्ताङबाट बाहिरिने भएको व्यवसायीहरुले बताउनु भयो । भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र मुस्ताङले भेंडा-च्यांग्राको स्वास्थ्य परिक्षण गर्न सुरु गरेको छ । मुस्ताङबाट बाहिरिने भेंडा च्यांग्राको स्वास्थ्य परिक्षण गरेर मात्र बाहिर पठाउने गरिन्छ ।

मुस्ताङको कोरोना नाका दशैं अगाडै नै खुलेका कारण पनि यस बर्ष अघिल्लो बर्षको तुलनामा बढी भेंडा-च्यांग्रा पोखरा सहितको अन्य बजारमा लेजाने व्यवसायीहरुले तयारी गर्नु भएको हो ।

हिमाली जडीबुटी खाएर हुर्केका भेडा-च्याङ्ग्रा स्वास्थ्यको दृष्टिकोणले पनि उपयुक्त हुने विश्वासका कारण पोखरा र आसपासमा च्याङ्ग्रा खाने प्रचलन पहिला देखि चलि आएको हो ।

## कास्की कारागारबाट भागेका कैदीबन्दी मध्ये तीन सय ४८ जना फर्किए

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

'जेनजी' आन्दोलनका क्रममा कारागार कार्यालय, कास्कीबाट भागेका सात सय ७३ कैदीबन्दीमध्ये बुधबारसम्ममा तीन सय ४८ जना कारागार फर्किएका छन् । चार सय २५ जना कैदीबन्दी अझै फरार रहेको कारागार कार्यालयले जनाएको छ ।

कतिपय कैदीबन्दी आफै कारागार फर्किएको र केहीलाई भाग्ने क्रममा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय, कास्कीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले बताउनुभयो । भागेका कैदीबन्दीलाई कारागार फर्काउन प्रहरी सक्रिय रहेको उहाँको भनाइ छ । प्रदर्शनकारीले गत भदौ २४ गते राति कारागार तोडेर ३५ महिलासहित सात सय ७३ कैदीबन्दीलाई भगाएका थिए। जिल्ला प्रहरी कार्यालयको हिरासतबाट भागेका थुनुवालाई पनि खोजी गरी नियन्त्रणमा लिने काम भइरहेको सूचना अधिकारी बस्नेतले बताउनुभयो । उहाँका अनुसार हिरासतबाट ८३ थुनुवा भागेका थिए ।

कारागार कार्यालयका सूचना अधिकारी महेन्द्रबहादुर कुँवरले कैदीबन्दी फर्कने क्रम जारी रहेको बताउनुभयो । टोलछिमेक र समुदायमा कसैले भागेर गएका कैदीबन्दी र थुनुवा देखेमा कारागार कार्यालय र प्रहरीमा खबर गर्न अनुरोध गरिएको उहाँको भनाइ छ ।

त्यसअघि कारागार व्यवस्थापन विभाग र जिल्ला प्रहरी कार्यालयले भागेका कैदीबन्दीलाई कारावार फर्कन आह्वान गरेको थियो । 'जेनजी' आन्दोलनका क्रममा गण्डकी प्रदेशमा कास्कीसहित तनहुँ, पवर्त र म्याग्दी कारागारबाट कैदीबन्दी भागेकाथिए।कारागारव्यवस्थापन विभागले भागेका कैदीबन्दी आफै कारागार नफर्किएमा विशेष सुरक्षा अपरेशन सञ्चालन गरेर उनीहरूलाई फर्काउने योजना बनाएको छ ।

## प्रधानमन्त्री कार्कीसँग चिनियाँ राजदूतको भेटवार्ता

रासस
काठमाडौं, २ असोज

अन्तरिम सरकारका नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीसँग नेपालका लागि चिनियाँ राजदूत चेन सङले शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार भएको भेटमा प्रधानमन्त्री कार्कीले नेपाल-चीनबीच दुईपक्षीय सम्बन्ध ऐतिहासिक एवं घनिष्ट रहेको र एक चीन नीतिप्रति नेपाल सदैव प्रतिबद्ध रहेको बताउनुभयो । सो अवसरमा प्रधानमनन्त्रीले कार्कीले आगामी दिनमा व्यापार, लगानी, सम्पर्क सञ्जाल, कृषि, ऊर्जा, पर्यटन, प्रविधि हस्तान्तरणलगायतका क्षेत्रमा चीनबाट प्राप्त सहयोगले निरन्तरता पाउने विश्वास व्यक्त गर्नुभएको परराष्ट्र मन्त्रालयका सहसचिव भृगु ढुङ्गानाले जानकारी दिनुभयो ।

प्रधानमन्त्री कार्कीले बाढीले बगाएको रसुवागढीस्थित मितेरी पुल पुनःनिर्माणमा तत्परतासहित चीन सरकारबाट प्राप्त सहयोगका लागि धन्यवाद दिँदै अन्य नाकाहरूबाट पनि आवतजावत सहजीकरणका लागि आवश्यक सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपालका लागि चिनियाँ राजदूत चेन सङले चीन सरकारको तर्फबाट प्रधानमन्त्री कार्कीलाई बधाई दिँदै नेपाल र चीनबीचमा रहिआएको सम्बन्ध आगामी दिनमा अझ सुदृढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो । चीन-नेपालबीच भएका सम्झौता, सहयोग र सहकार्यले निरन्तरता पाउने स्पष्ट गर्दै उहाँले दुवै देश र जनताका हितमा काम गर्न चीन सदैव तयार रहेको बताउनुभयो ।

## पुनःनिर्माण अभियानमा नेपाली कागेंस संसदीय दलले १० लाख दिने घोषणा

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

नेपाली कांग्रेस गण्डकी प्रदेश संसदीय दलले पुनः निर्माण अभियानको लागि १० लाख रुपैया आर्थिक सहयोग गर्ने घोषणा गरेको छ ।

कांग्रेस संसदीय दलका नेता एवं गण्डकी प्रदेशमा मुख्यमन्त्री समेत रहनु भएको सुरेन्द्रराज पाण्डेको अध्यक्षतामा आज (बिहीबार) बसेको संसदीय दलको बैठकले पुनः निर्माण कोषमा १० लाख रुपैया सहयोग गर्ने निर्णय गरेको हो । उक्त बैठकले पुनः निर्माण कोष स्थापना गर्न प्रदेश सरकारलाई आग्रह गर्दै थप अन्य सहयोगको लागि समन्वय गर्ने जनाएको छ ।

उक्त बैठकले तत्काल पुनः निर्माण प्रक्रिया सुरु गर्न, पुनः निर्माणको विस्तृत योजना बनाउन, क्षतिको यकिन विवरण संकलन गर्न, व्यवसायीहरुलाई आवश्यक राहत र केही सहुलियत सहित सुरक्षाको प्रत्याभुति दिलाउन माग समेत गरेको छ । जेनजी आन्दोलनका क्रममा गण्डकी प्रदेशभित्र सार्वजनिक तथा निजी क्षेत्रका भौतिक संरचना र यातायातका साधनमा ठूलो क्षति पुगेको दाबी गर्दै विवरण छिटो संकलन गर्न पनि काँग्रेसले माग गरेको छ ।

यस्तै, जनतालाई अत्यावश्यक सेवा प्रदान गर्ने कार्यालयहरूको शीघ्र पुनः निर्माणका लागि सामूहिक प्रयास आवश्यक भएको भन्दै कागेंस संसदीय दलले सरकारको ध्यानाकर्षण गराएको हो ।

बैठकले आन्दोलनमा सहादत प्राप्त गर्ने सहिदहरू प्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

यस्तै जेनजी पुस्ताले आन्दोलनका क्रममा उठाएका मुद्दाहरूमा आफ्नो दल प्रतिबद्ध रहेको जनाएको छ ।

आन्दोलन पुर्व नै गण्डकी सरकारले लिएको चालू खर्च घटाउने, दरबन्दी कटौती गर्ने र कार्यालय समायोजनको निर्णय सुशासनमैत्री भएको बैठकले उल्लेख गरेको छ ।

## रोकिएका सरकारी सेवा सञ्चालन हुँदै

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

जिल्ला प्रशासन कार्यालय, कास्कीले 'जेनजी' प्रदर्शन क्रममा कार्यालयमा तोडफोड र आगजनी भएपछि रोकिएको सेवा प्रवाहलाई क्रमिक रुपमा सञ्चालनमा ल्याएको छ ।


गत आइतबारदेखि शान्ति सुरक्षा, मुद्दाको म्याद थप र दैनिक प्रशासनिक कार्य सञ्चालन गरेको कार्यालयले शुक्रबारदेखि राष्ट्रिय परिचयपत्रको विवरण दर्ता सुरु गरिने जनाएको छ ।

लेखनाथमा रहेको इलाका प्रशासन कार्यालयबाट राष्ट्रिय परिचयपत्रको विवरण दर्तासँगै यसअघि दर्ता भई प्रिन्ट भएर आएका परिचयपत्रको वितरण सुरु गरिने भएको हो । जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा सञ्चालित अभियानका क्रममा विवरण दर्ता गरी प्रिन्ट भएका परिचयपत्र वितरणका लागि भनेपछि सूचित गरिने कार्यालयले जनाएको छ ।

आन्दोलनका क्रममा उक्त परिचयपत्रसम्बन्धी सेवाका लागि आवश्यक पर्ने विद्युतीय उपकरण आगजनीमा परी नष्ट भएकाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट नयाँ उपकरण माग गरी सेवा सञ्चालन गर्न लागिएको हो । कार्यालयबाट प्रदान हुने सबै सेवा पूर्ववत् रुपमा सञ्चालनमा आउन भने अझै केही समय लाग्ने प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताउनुभयो ।

कार्यालय भवन सरसफाइ, मर्मत सम्भार, रङरोगनलगायत कार्य भइरेहेकाले सेवा प्राप्तिमा धैर्य गरिदिन सेवाग्राहीमा अनुरोध गरिएको उहाँको भनाइ छ। हाल दुई वटा कार्यकक्षबाट सेवा प्रवाह भइरहेको र अन्य कार्य कक्ष मर्मतको काम भइरहेको जनाइएको छ । सुरक्षाकर्मी, कर्मचारीलगायत आवश्यक जनशक्ति परिचालन गरेर कार्यालय सरसफाइ र मर्मतसम्भारको काम गरिएको हो । 'जेनजी' आन्दोलनका क्रममा गत भदौ २४ गते भएको तोडफोड, आगजनी एवं लुटपाटबाट कार्यालयमा ठूलो क्षति पुगेको छ। कार्यालयको भौतिक संरचना कुरूप बनेको छ। कम्प्युटरलगायत महत्वपूर्ण उपकरण जलेका तथा लुटपाट भएका छन् । नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, नाबालक परिचयपत्र, संस्था दर्ता, स्थानीय प्रशासन तथा शान्ति सुरक्षा लगायतका सेवासम्बन्धी सम्पूर्ण अभिलेखहरू जलेर नष्ट भएको कार्यालयले जनाएको छ।

गण्डकी प्रदेश सरकार मातहतका मन्त्रालय, निकाय, पाखेरा महानगरपालिकालगायत कार्यालय सार्वजनिक सेवालाई क्रमशः सहज बनाउने तयारीमा जुटेका छन् । प्रदर्शनकारीले जिल्ला प्रशासन कार्यालयसहित प्रदेश राजधानी पोखरामा रहेका तीनै तहका सरकार मातहतका अधिकांश कार्यालयमा तोडफोड र आगजनी गरेका थिए।



# सहश्राव्दी पदमार्ग : पदयात्रा पर्यटनमा आशा र विश्वास जगाउँदै

**रासस**
गण्डकी, २ असोज

मध्यपहाडी क्षेत्रको पदमार्ग सहश्राब्दी पदमार्ग (मिलेनियम ट्रेक)मा पर्यटकीय गतिविधि बढाउने उद्देश्यसँगै पछिल्ला वर्षमा पदमार्ग क्षेत्रका स्थानीयले चासो बढाएका छन् ।

तनहुँको दुलेगौडाबाट स्याङ्जाको रामबाछा जोडिने यो पदमार्ग २०५६ सालदेखि सञ्चालनमा आएकोमा बीचका केही वर्ष सुस्ताए पनि पछिल्ला वर्षमा मिलेनियम ट्रेक व्यवस्थापन समितिको सक्रियता र स्थानीयवासीको जागरुकतामा पुनः चलायमान हुन थालेको हो । पछिल्ला वर्षमा यस पदमार्गमा स्वदेशी पर्यटकका साथै विदेशी पर्यटकको आगमन पनि बढिरहेको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले जानकारी दिनुभयो ।

पहिलो पटक विसं २०६४-६५ मा नक्शाङ्कन गरिएको यो पदमार्ग समुद्री सतहबाट ४२० मिटरदेखि एक हजार ७१५ मिटर उचाइसम्ममा रहेको छ । पछिल्लो समयमा दोस्रो नक्शाङ्कनसमेत गरी पोखरा महानगरपालिकाका केही भू-भाग पनि यस पदमार्गमा समेटिएको छ । उच्च पहाडी स्थानमा जान नसक्ने तर पदयात्राको इच्छा राख्नेका लागि समेत उपयुक्त मानिएको यस पदमार्गमा पछिल्ला वर्षमा पर्यटक लक्षित घरवास पनि ठाउँठाउँमा सञ्चालन भएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य एवम् मिलेनियम भैँसेगौँडा सामुदायिक होमस्टेका अध्यक्ष बालकुमार गुरुङले जानकारी दिनुभयो । यस पदमार्गमा पूरै पदयात्रा सम्पन्न गर्न भने एक हप्ता लाग्छ । बीचबीचमा छोटो दुरीमा एक दिने हाइकिङदेखि दुई तीन दिनका छोटो दूरीका पदयात्राका लागि पनि यो आकर्षक गन्तव्य बनिरहेको छ । दुलेगौँडादेखि रामबाछासम्म जोडिएको यस पदमार्गको लम्बाई ७२ किलोमिटर रहेको छ । महासचिव गुरुङका अनुसार दुलेगौँडाबाट सहश्राव्दी पदमार्गको पदयात्रा सुरु गर्ने पर्यटक यहाँको गाछेपानीस्थित रक गार्डेन हुँदै आफ्नो यात्रा प्रारम्भ गर्दछन् । पछिल्ला समयमा धार्मिक रूपमा चासो र चर्चा कमाएको च्यवनधामको दर्शन गर्दै ढोरबाराही मन्दिरबाट अघि बढ्ने यस पदयात्रा मार्गमा पहिलो दिन ऐतिहासिक ढोर मूलकोट दरबार हुँदै रजस्थलसम्म पदयात्रा गरिन्छ । रजस्थलमा स्थानीयवासीले घरवास सञ्चालन गरेका छन् । रजस्थलसहित यस क्षेत्रका लामागाउँमा पनि स्थानीयले घरवास सञ्चालन गरेका छन् । दोस्रो दिनमा पदयात्री घरेडी या सादीखोलामा पुगेर बस्छन् । घरेडी र सादीखोलाको बीचमा रहेका ऐतिहासिक महत्वको मिलेनियम गुफा यहाँको अर्को महत्वपूर्ण आकर्षण हो । घरेडी र सादीखोलामा घरवास सञ्चालन गरिएको छ । तेस्रो दिन पदयात्री काल्खु, राइपुर हुँदै कोल्मा पुगेर बस्न सक्छन् । यहाँका पोखरीछाप र कोल्मामा घरवास सञ्चालन भएको छ । कोल्मामा सामूदायिक घरवाससँगै व्यक्तिगत रूपमा कोल्मा होमस्टे एण्ड रेष्टुरेन्ट पनि सञ्चालन गरिएको छ । चौथो दिन भैँसेगौँडाहुँदै चन्द्रकोटसम्म पुग्न सकिन्छ ।

'टकलाई लक्षित गरी भैँसेगौँडामा रहेका मिलेनियम भैँसेगौँडा सामुदायिक होमस्टे तथा चन्द्रकोट होमस्टेले पर्यटकलाई सेवा दिइरहेका छन् । त्यस्तै यस क्षेत्रमा ज्यामिरे र चिरुवामा पनि होमस्टे सञ्चालन गरिएको छ ।

पाँचैदिन चन्द्रकोटबाट पर्यटक गैरीस्वाँहारा, बानेथोक, भञ्ज्याङ, देउपुजे ढुङ्गा, सिङ्गारकोट हुँदै बुढाकोटसम्म पुग्न सक्छन् । यहाँका केघा देउराली र बुढाकोटमा घरवास सञ्चालन गरिएको छ । छैटौदिन बुढाकोटबाट राम्चे, गहते मनकामना हुँदै सुन्तलाबारी पुगेर बस्न सकिन्छ । यहाँका मनकामना र सुन्तलाबारीमा घरवास सञ्चालन गरिएको छ । सुन्तलाबारी बसेका पर्यटक सातौँ दिन त्यहाँबाट रामबाछा हुँदै स्याङ्जा बजार या पोखरा आउन सक्छन् । कम उमेरका बालबालिकादेखि ज्येष्ठ नागरिकसमेतले यस क्षेत्रमा पदयात्रा गर्न सक्ने भएको यो पदमार्गमा घरवाससहित अन्य पूर्वाधार पनि थपिँदै गएको उहाँको भनाइ छ ।

यस पदमार्गको प्रवर्द्धनका लागि नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयले विगत केही वर्ष यता लागातार रूपमा सहयोग गरिहेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले जानकारी दिनुभयो । पदमार्ग क्षेत्रमा साइनेज पोष्टराख्नेलगायतपूर्वाधारविकास र प्रवर्द्धनका विभिन्न कार्यक्रममा निरन्तर सहयोग गरिँदै आइएको उहाँले बताउनुभयो । पदयात्रासँगै यहाँबाट उत्तरतर्फ देखिने लस्करै हिमाल, तलतिर सुरौदी खोला, वरपरको हरियाली पहाड हुँदै पारितर्फ भरतपोखरीको ऐतिहासिकमल्लकालीनकोटभैरव मन्दिर, हुडिकोट, बरपाण्डेथुम निर्मल पोखरी, फोक्सिङकोट, कृष्ति आदिका मनोरम भू-भागले जो कोहीलाई लोभ्याउने गरेको छ । यहाँबाट देखिने मनोरम हिमाली तथा पहाडी दृश्यका साथै पदमार्ग क्षेत्रमा ऐतिहासिक एवम् धार्मिक सम्पदालाई विश्व पर्यटन बजारमा पुऱ्याउनका लागि आँफूहरू निरन्तर लागिरहेको महासचिव गुरुङको भनाइ छ । "यहाँका पर्यटकीय सम्भावना विश्व पर्यटन बजारमा पुऱ्याउन सकेमा त्यसबाट पदयात्रा पर्यटनमा महत्वपूर्ण फाइदा लिन सकिन्छ", उहाँले भन्नुभयो, "यहाँ प्रचुर पर्यटकीय सम्भावनालाई नै उजागर गर्नका लागि हामी स्थानीयमा आशा र विश्वास जगाउँदै पूर्वाधार विकास एवम् प्रवर्द्धनका कार्यक्रमलाई सँगसँगै अघि बढाइरहेका छौँ ।"

पदयात्रासँगै यस क्षेत्रमा अवलोकन गर्न सकिने झन्डै ३०० वर्ष पुरानो ढोर मूलकोट दरबारसहित यहाँका गढी, शक्तिपीठ, देउती बज्यैको थान, टक्सार घरलगायत क्षेत्र यहाँका अन्य महत्वपूर्ण आकर्षण हुन् । पदमार्गमा पर्ने भिरकोट कालिका, यहाँस्थित किल्ला, मिलेनियम गुफा, राइपुरस्थित जन्तेढुङ्गा, गहते मनकामना, देउपुजे ढुङ्गादेखि एक हजार ७०९ मिटर उचाइको ऐतिहासिकस्थल बुढाकोट प्रवर्द्धनको पर्खाइमा रहेको उहाँले बताउनुभयो ।



बेगनास ताल :
पोखरा महानगरपालिका-३१ सुन्दरीडाँडा नजिकै भञ्ज्याङबाट देखिएको बेगनास ताल, माझिकुना र आसपासका क्षेत्र। तस्बिर : देवेन्द्र गुरुङ / रासस

# अस्कर अवार्डमा नेपालबाट 'अञ्जिला' सिफारिस

**रासस**
काठमाडौं, २ असोज

'द एकेडेमी अफ मोसन पिक्चर आर्ट्स एण्ड साइन्सेस (अस्कर अवार्ड)' मा नेपालको प्रतिनिधित्व 'अञ्जिला' चलचित्रले गर्ने भएको छ ।

नेपालस्थित अन्तरराष्ट्रिय फिचर चलचित्र छनोट समिति (नेपाल)ले अमेरिकामा आयोजना हुने ९८औँ 'अस्कर अवार्ड' मा 'अन्तरराष्ट्रिय फिचर फिल्म' विधामा नेपालबाट 'अञ्जिला' चलचित्र सिफारिस भएको जानकारी दिएको हो । उक्त समितिका अध्यक्ष विमल पौडेलले प्राप्त चलचित्रमध्येबाट विषयवस्तु र कलात्मकता प्रस्तुति, त्यसले दिएको सन्देशलाई मध्यनजर गर्दै 'अञ्जिला' लाई प्रतिनिधित्व गराउने निर्णय भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "चलचित्रको गहन मूल्याङ्कनपश्चात् प्राविधिक पक्ष, कथाको प्रस्तुति, चरित्रको भावनात्मक विश्लेषण र कलात्मक सिल्पलाई ध्यानमा राखेर हामीले चलचित्र छनोट गरेका हौँ ।" उहाँले अस्करमा प्रतिस्पर्धा गर्नका लागि दुई नेपाली कथानक चलचित्र 'गुन्यू चोलो (द ड्रेस) र 'अञ्जिला' प्राप्त भएको जानकारी दिनुभयो । चलचित्र अञ्जिला नेपाली महिला फुटबल टिमकी गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित छ । खेलाडी सुब्बाले अभिनय गर्नुभएको चलचित्रलाई मिलन चाम्सले निर्देशन गर्नुभएको हो । उक्त चलचित्रका निर्माता प्रेमकुमार श्रेष्ठले खेलाडीका विषयमा बनेको चलचित्रले नेपालको तर्फबाट प्रतिनिधित्व गर्नु गौरवको विषय भएको बताउनुभयो । "नेपालले खेलमा राम्रो प्रगति गरिरहेको छ, सोही कारण हामीले खेलाडी सुब्बाको जीवनी र सङ्घर्षलाई समेटेर चलचित्र तयार गरेका हौँ", उहाँले भन्नुभयो ।

यसले नेपालको सुन्दरतासँगै महिला खेलाडीको सङ्घर्षपूर्ण यात्रा र सफलताको कथा समेटेको श्रेष्ठको भनाइ छ । यो अन्यका लागि प्रेरणाको स्रोत बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

चलचित्र अञ्जिलामा खेलाडी सुब्बासँगै दयाहाङ राई, सिर्जना सुब्बा, माओत्से गुरुङ, बुद्धि तामाङलगायत कलाकारले अभिनय गर्नुभएको छ । गत वर्ष नेपालमा प्रदर्शन भएको उक्त चलचित्रले घरेलु बजारमा रु नौ करोडको हाराहारीमा व्यापार गरेको निर्माण पक्षले जनाएको छ ।

# पोखरा रोयल सहकारीद्वारा कास्की प्रहरी र वडा कार्यालयलाई ३ लाख ४४ हजार मूल्य बराबरको सामग्री सहयोग

**पोखरापत्र संवाददाता**
गण्डकी, २ असोज

सरकारी कार्यालयहरुको सेवा पूर्ववत रुपमा संचालनार्थ पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाले कास्की प्रहरीले वडा कार्यालयलाई आवश्यक केही सामाग्री सहयोग गरेको छ ।

जेन-जी समूहको आव्हानमा गत भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा पोखराका सयौँ सरकारी कार्यालयहरूमा आगजनी र तोडफोड हुँदा कार्यसम्पादनमा गम्भीर अवरोध उत्पन्न भएपछि, संस्थाले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत करिब ३ लाख ४४ हजार रुपैयाँ बराबरको सामग्री सहयोग गरेको हो ।

संस्थाको २४ औं वार्षिक साधारणसभाको अवसरमा गरिएको उक्त सहयोग अन्तर्गत जिल्ला प्रहरी कार्यालय कास्कीलाई टिभिएस कम्पनीको १२५ सिसी क्षमताको एक थान मोटरसाइकल तथा पोखरा महानगरपालिका-१० वडा कार्यालयलाई एक थान कम्प्युटर र एक थान प्रिन्टर हस्तान्तरण गरिएको संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार, हाल सरकारी कार्यालयहरूलाई शीघ्र रूपमा पुनः सञ्चालनमा ल्याउन र सेवा प्रवाहलाई सहज बनाउन आवश्यक ठानेर सानो भए पनि ठोस सहयोग गरिएको हो ।



जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एसपी श्यामबाबु ओलिया र वडा नं. १० का वडाध्यक्ष राजेश गुरुङलाई संस्थाका अध्यक्ष रुद्रकुमारी गुरुङले सो सामग्री हस्तान्तरण गर्नुभयो । कार्यक्रममा बोल्दै अध्यक्ष गुरुङले नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने कार्यालयहरूलाई छिटो सामान्य अवस्थामा फर्काउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । आन्दोलनका क्रममा जलेर नष्ट भएका कार्यालय सामग्रीका कारण सेवाग्राहीहरू मारमा परेका बेला यो सहयोगले तत्कालिक आवश्यकतालाई सम्बोधन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको संस्थाका सूचना अधिकारी मिलन ढकालले उल्लेख गर्नुभयो । पोखरा रोयल सहकारीले यसअघि कोभिड-१९ महामारी र महाभूकम्पका बेला पनि सामुदायिक हितका क्षेत्रमा निरन्तर सहयोग गर्दै आएको उल्लेख गर्दै, आगामी दिनहरूमा पनि समाजप्रति उत्तरदायी भूमिकामा रहिरहने प्रतिबद्धता सहकारीका प्रमुख कार्यकारी अधिकृत भीम गुरुङले जनाउनुभयो । सहकारीले जेन-जी आन्दोलनका क्रममा सहादत प्राप्त गर्नुभएका प्रति श्रद्धाञ्जली अर्पण गर्दै, घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरेको छ । यसैबीच, संस्थाले शुक्रबारदेखि सुरु हुने आफ्नो २४ औं वार्षिक उत्सव विभिन्न कार्यक्रमहरूद्वारा मनाउने तयारी समेत गरेको छ । शुक्रबार दिदी बहिनी रोयल किचनमा बार्षिक साधारण सभा समारोह हुने भएको छ । हाल १० हजारभन्दा बढी शेयर सदस्यहरू रहेको उक्त सहकारीले ५ जिल्लामा कार्यक्षेत्र विस्तार गरेको छ भने हालसम्म ४ वटा कार्यालय सञ्चालनमा छन् । सहकारीको हालसम्मको कारोबार २ अर्ब ६५ करोड रुपैयाँ नाघिसकेको छ भने ४२ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ ।

# पालमुनिबाटै सर्वोच्च अदालतको इजलास सञ्चालन

**रासस**
काठमाडौं, २ असोज

सर्वोच्च अदालतको प्रवेशद्वारदेखि सबैले जलेको भवन प्रष्ट देख्न सक्छन् । अगाडि पुरै जलेका सवारी साधनको थुप्रो छ । आधा जलेका र भाँचिएका टेबल कुर्सी असरल्ल छन् ।

कर्मचारी बस्ने ठाउँ छैन । धेरै कर्मचारीको मुहार अझै खुल्न सकेको छैन । असरल्ल जलेको गाडीकै अगाडि एक छेउमा पाल टाँगिएको छ । पालमुनि काठका टेबल कुर्सी राखेर एकातर्फ न्यायाधीश र अर्को तर्फ कानुन व्यवसायी, अनि बिचमा इजलास अधिकृत बस्ने व्यवस्था गरी आजदेखि इजलास सञ्चालन गरिएको छ । सर्वोच्च अदालतको पूर्ण बैठकले जतिसुकै विषम् परिस्थितिमा पनि इजलास बस्ने निर्णय गरेसँगै आजदेखि सञ्चालन गरिएको हो । आज न्यायाधीश सपना प्रधान मल्लको इजलासमा एउटा र कुमार रेग्मीको इजलासमा दुई थान बन्दी प्रत्यक्षीकरणका निवेदनमाथि सुनुवाइ भयो । गत भदौ २४ गते जेनजी प्रदर्शनका क्रममा सर्वोच्च अदालतमा आगजनी भइ भौतिक संरचना जलेपछि इजलास राख्ने ठाउँसम्म नहुँदा पालमुनि इजलास सुरु गरिएको हो । "आगजनीले इजलास सञ्चालन गर्ने स्थान छैन," सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले भन्नुभयो, "सर्वोच्च अदालतको पूर्ण बैठकले न्यायिक प्रक्रियालाई अगाडि बढाउन बन्दी प्रत्यक्षीकरणको मुद्दामा सनुवाइ अगाडि बढाउने निर्णयअनुसार आजदेखि पालमुनिबाटै इजलास सुरु गरिएको हो ।" गत भदौ ३१ गते दुई वटा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दर्ता गरिएको थियो । सो निवेदनमाथि सुनुवाइ प्रारम्भ गरिएको हो । "सूचना प्रविधिको उपकरण, सवारीसाधन ठूलो मात्रामा क्षति भएको छ, क्षतिको तथ्याङ्क सङ्कलन भइरहेको छ" उहाँले भन्नुभयो, "सर्वोच्च, विशेष र जिल्ला गरी २३ अदालत भवनमा क्षति भएका छन्, केहीमा पूर्ण र केहीमा आंशिक क्षति भएका छन्, पूर्ण विवरण आउन बाँकी छ ।"अदालतको भौतिक संरचना जलेर नष्ट भएसँगै मुद्दाका मिसिल पनि जलेर नष्ट भएका छन् । पूर्णरूपमा क्षति भएका अदालतका मुद्दाका मिसिल पनि पूर्णरूपमै नष्ट भएका छन् । आंशिक क्षति भएका अदालतमा केही मुद्दाका मिसिल बाँकी छन् । प्रवक्ता कोइरालाले भन्नुभयो, "पूर्णरूपमा नष्ट भएका मिसिलको हकमा सर्वोच्च अदालतको पूर्ण बैठकले निर्देशिका बनाउने निर्णय गरेको छ, त्यो बन्ने क्रममा छ, सोहीअनुसार कुन पक्षबाट मिसिल लिने भनेर निर्णय गर्नेछ ।" सर्वोच्च अदालतमा चालु अवस्थामा करिब २६ हजार मुद्दा थिए ।

# प्रधानमन्त्री कार्की र भारतीय प्रधानमन्त्री मोदीबीच फोनवार्ता

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज

नवनियुक्त प्रधानमन्त्री सुशीला कार्की र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच बिहीबार फोनवार्ता भएको छ ।

वार्ताका क्रममा प्रधानमन्त्री कार्कीले भारतीय प्रधानमन्त्री मोदीलाई उहाँको ७५औँ जन्मदिनको शुभकामना दिनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ । त्यसैगरी प्रधानमन्त्री कार्कीले नेपाल-भारतबीचको सदियौँ पुरानो र मैत्रिपूर्ण सम्बन्धको स्मरण गर्नुभएको थियो । साथै उहाँले नेपालको पछिल्लो राजनीतिक घटनाक्रमलगायतका विषयमा पनि जानकारी गराउनुभएको थियो ।

यसैगरी भारतीय प्रधानमन्त्री मोदीले नेपालका नवनियुक्त प्रधानमन्त्री कार्कीलाई बधाई ज्ञापन गर्नुभएको थियो । वार्ताका क्रममा प्रधानमन्त्री मोदीले असल छिमेकीका नाताले आगामी दिनमा पनि भारतले नेपाललाई निरन्तर सहयोग गर्ने बताउनुभएको थियो ।

छिमेकी दुई देशका सरकार प्रमुखहरूबीच भएको वार्तामा नेपाल-भारत सम्बन्ध, द्विपक्षीय हित र साझा चासोका विविध विषयमा कुराकानी भएको समेत परराष्ट्र मन्त्रालयले जनाएको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# शान्तिसुरक्षाको प्रत्याभूति दिलाऊ

भ्रष्टाचारको अन्त्य, सुशासन र शासकीय सुधारको माग गर्दै नवयुवा जेनजीले गरेको विद्रोहले सत्ता पल्टाइदिएको छ। भदौ २३ गते भएको शान्तिपूर्ण आन्दोलनमा भएको बर्बर दमन विद्रोहमा परिणत भयो। भदौ २४ गतेदेखि २५ गतेरातीसम्म विध्वंसले गर्दा देशका महत्त्वपूर्ण भवन खरानी भए। जतातत्तै असुरक्षाको कारण हत्या लुटपाट र भवन जा।सवारीसाधन जलाउने र तोडफोड गर्ने काम भए। प्रहरी आफै असुरक्षित भए। सेना आएन।२५ गते राति १० बजेपछि सेना सडकमा निस्केपछि बल्ल देशमा सुरक्षा निकाय छन अनुभूति भयो। पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री नियुक्ति पछि नागरिक सरकार वन्यो।

अन्तरिम सरकार बनेसँगै बल्ल शान्ति सुरक्षा गर्नुपर्छ भन्ने दबाब पर्यो। सरकारले शान्तिसुरक्षा कायम गर्ने विषयलाई पहिलो प्राथमिकतामा राखेको छ। शान्तिसुरक्षाबिना मुलुक अघि बढ्न सक्दैन। आमजनताको जिउज्यानको सुरक्षा गर्नु राज्यको पहिलो कर्तव्य हो। यसका लागि राज्य संयन्त्रको सही परिचालन आवश्यक हुन्छ। अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले यसै सन्दर्भमा मुख्य चार वटा कार्ययोजना अघि सारेकी छन। उनका चार प्रतिबद्धता-१. छ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन गराउने २. विध्वंस मच्चाउनेको छानबिन गर्ने ३. जेनजी पुस्ताको माग अनुसार भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने र ४. निजी क्षेत्रको मनोबल उठाउन कदम चाल्ने प्रतिबद्धता छ। प्रधानमन्त्रीका यी कार्ययोजना पूरा गर्न र मुलुकलाई सही गति दिने विषयमा सबै मन्त्रालयका सचिव तथा सुरक्षा निकायका प्रमुखबिच गहन छलफल भएको छ।

प्रधानमन्त्री कार्कीले मुलुकको प्रशासनिक संयन्त्रमा कुनै किसिमको राजनीतिक हस्तक्षेप नगर्ने र पूरा रूपमा कानुन अनुसार काम गर्न निर्देशन दिएकी छन। मुलुकमा शान्तिसुरक्षा कायम गर्ने विषयमा सबैको साथ छ।अहिले संसद् नभएको अवस्था छ। यस्तो स्थितिमा तत्काल नयाँ कानुन बनाउन सकिँदैन। नयाँ कानुन र प्रणाली बनाउन केही समय लाग्ने भएकाले अहिलेकै कानुन, प्रणाली र संरचनाभित्रैबाट युवाको मुखरित आवाजलाई सम्बोधन गर्नुपर्ने भएको छ।

मुलुकमा नयाँ प्रतिनिधि सभाको निर्वाचन घोषणा भइसकेको छ। आगामी फागुन २१ गते निर्वाचन हुने भएको छ। निर्वाचनका लागि निर्वाचन आयोगले आन्तरिक तयारी सुरु गरेको छ। मुलुकका राजनीतिक पार्टीहरू चुनावको पक्षमा छन्। ती पार्टीहरूले चुनावमा भाग लिने बताएका छन्। चुनावअघि दसैँ, तिहार, छठलगायतका प्रमुख चाडपर्व आएका छन्। चाडपर्व मनाउन सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनु पर्छ। आन्दोलनका क्रममा १४ हजार ८०३ कैदीबन्दी कारागारबाट भागेका थिए। यसले सुरक्षा व्यवस्थालाई कडा चुनौती दिएको छ। बाहिरिएका मध्ये झन्डै पाँच हजार कैदीबन्दी कारागार फर्किए पनि नौ हजार ८०३ जना कैदीबन्दी बाहिरै छन्। हत्या, चोरी, लुटपाट, आगजनीका कैदीबन्दीले अहिले गृह प्रशासन र न्यायपालिकाका उच्च पदस्थ अधिकारीलाई धम्की दिनु यो अत्यन्तै गम्भीर विषय हो।

अदालतहरू जलाउनेमध्ये अधिकांश कारागारबाट भागेका कैदीबन्दी रहेको पाइएको छ। उनीहरूले अहिले न्यायाधीशलाई समेत धम्की दिन थालेका छन्। भागेका यी सबै कैदीबन्दीलाई पुनः कारागारमा फर्काउन सकिएन भने सबैभन्दा ठुलो असुरक्षा उनीहरूबाट हुने देखिएको छ। यस्तो अवस्थामा चार वटै सुरक्षा निकायबिच समन्वय कायम गरी फरार कैदीबन्दीलाई पक्रेर कारागार पठाउनु पर्छ। आमनागरिकले सुरक्षित भएको महसुस गर्दै चाडपर्व मनाउन सक्ने वातावरण बनाउन सुरक्षा निकाय बढी सक्रिय र चनाखो हुनु पर्छ। युएई, दक्षिण कोरियामा कामदार लिन रोकिएको छ।यस्तो अवस्था अन्य देशमा पनि आउन सक्नेहुँदा फरार कैदी बन्दी फर्काउनुपर्ने र विध्वंसात्मक काम गर्नेलाई पक्राउ गरेर जनतामा सुरक्षाको प्रत्याभूति दिलाउन सबै पक्षसँग सहकार्य आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# जेन जेड आन्दोलनपछि नेपालको पर्यटन



**दीपेन्द्र पहारी**
**पर्यटन विज्ञ**

हालैका 'जेन जेड आन्दोलन' ले नेपालको सामाजिक, राजनीतिक र आर्थिक संरचनामा गहिरो प्रभाव पारेको छ। सुरुमा सामाजिक सञ्जालमा गरिएको प्रतिबन्ध र 'नेपो-किड्स' भन्ने ट्रेन्डबाट सुरु भएको यो आन्दोलन युवाहरूको असन्तुष्टि, भ्रष्टाचार, असमानता र शासनप्रतिको गम्भीर असन्तोषलाई सतहमा ल्याउने एउटा ऐतिहासिक मोड बन्यो। डिजिटल प्लेटफर्ममा सुरु भएको बहस जब सडकसम्म आइपुग्यो, त्यसले नेपालजस्तो पर्यटनमा निर्भर देशलाई प्रत्यक्ष असर गर्‍यो। आन्दोलनले तत्कालिन समयमा राजनीतिक नेतृत्वलाई मात्र चुनौती दिएन, बरु नेपालको अर्थतन्त्रका संवेदनशील क्षेत्रहरूलाई समेत हल्लाइदियो।

'जेन जेड आन्दोलन' ले नेपालको सामाजिक-राजनीतिक चेतनालाई नयाँ दिशातर्फ मोडेको छ। यसको सबैभन्दा ठूलो सिकाइ भनेको मुलुकमा असन्तुष्ट युवाशक्तिलाई बेवास्ता गर्दा त्यो असन्तुष्टि सडकमा विस्फोट हुन सक्छ भन्ने हो। नेपालका युवाले आफ्नो भविष्यबारे स्पष्ट नीति, समान अवसर र पारदर्शी शासन खोजिरहेका छन्। जब यी कुरा उपलब्ध भएनन्, उनीहरूले आन्दोलनमार्फत आफ्नो आवाज बुलन्द गरे। यो अनुभवले पर्यटनसहितका संवेदनशील क्षेत्रलाई देखाएको छ कि विकासको पूर्वशर्त स्थिरता र विश्वास हो। स्थिरता नभए अन्तर राष्ट्रिय बजारमा नेपाललाई सुरक्षित गन्तव्यका रूपमा प्रस्तुत गर्न सकिँदैन, र विश्वास हराउँदा धेरै वर्षसम्म पर्यटन उद्योग पुनःस्थापित गर्न कठिन हुन्छ। त्यसैले यो आन्दोलन केवल राजनीतिक चेतनाको परिणाम नभई, दीर्घकालीन विकास रणनीतिमा सुशासन र युवाको सहभागिता अनिवार्य हुन्छ भन्ने गहिरो पाठ हो।

नेपाल पर्यटन बोर्डका तथ्याङ्कअनुसार आन्दोलन अघि दैनिक करिब ३,२०० को हाराहारीमा विदेशी पर्यटक नेपाल आउँथे। तर आन्दोलन चर्किएसँगै यो संख्या घटेर १,३०० मा झर्‍यो, जसले करिब ४० प्रतिशत गिरावट देखायो। त्यो पनि नेपालकै मुख्य पर्यटन याम सुरु हुने बेलामा। यसको प्रत्यक्ष असर काठमाडौं उपत्यका, पोखरा, चितवन, लुम्बिनी जस्ता प्रमुख गन्तव्यमा मात्र नभई सुदूर-पूर्व र पश्चिमका पदमार्ग, गाउँस्तरीय होमस्टे, साहसिक पर्यटन व्यवसायदेखि होटेल-रेस्टुरेन्टसम्म व्यापक रूपमा महसुस गरियो।

पर्यटन क्षेत्र सधैँ संकटको पहिलो शिकार हुने कारण धेरै छन्। पहिलो, पर्यटन पूर्ण रूपमा शान्ति, स्थिरता र सकारात्मक छविमा निर्भर गर्छ। साना अशान्ति वा हिंसात्मक गतिविधिले पनि अन्तर्राष्ट्रिय सञ्चारमाध्यममार्फत ठूलो छविगत नोक्सानी गर्छ। दोस्रो, पर्यटन सञ्जाल अत्यन्तै जटिल छ–एयरलाइन, होटल, ट्राभल एजेन्सी, गाइड, स्थानीय पसलदेखि गाउँको होमस्टेसम्म सबै एकअर्कासँग जोडिएका हुन्छन्। सञ्जालको कुनै एउटा भाग प्रभावित हुँदा सम्पूर्ण मूल्य शृङ्खला डगमगाउँछ। तेस्रो, पर्यटकले आफ्नो यात्रा लामो समयअघि बुक गर्ने भएकाले असुरक्षा वा अनिश्चितताको सानो संकेतले पनि तत्काल बुकिङ रद्द हुन्छ, जसले होटल र व्यवसायलाई सीधा घाटा पुर्‍याउँछ। चौथो, पर्यटन 'लक्जरी खर्च' को हिस्सा भएकाले यात्रुहरू अनिश्चिततामा पहिलोपटक यात्रा नै त्याग्छन्। यही कारणले गर्दा भूकम्प, महामारी वा राजनीतिक आन्दोलन जस्ता घटनामा अन्य उद्योगले आंशिक क्षति बेहोर्दा पर्यटन भने प्रायः सम्पूर्णरूपमा ठप्प हुने गर्दछ।

पोखराको उदाहरण हेर्ने हो भने, करिब ७० प्रतिशत बुकिङ रद्द हुँदा होटल व्यवसायीले लाखौँको घाटा खेपे। सम्मेलन र सेमिनार स्थगित हुँदा त्यहाँ आश्रित कर्मचारी, सप्लायर्स र स्थानीय बजारसम्म नकारात्मक प्रभाव फैलियो। यही बेला, हवाई सेवा प्रदायकहरूले फ्लाइट रद्द गर्नु पर्‍यो, ट्राभल एजेन्सीले अग्रिम भुक्तानी फिर्ता गर्नुपर्‍यो, र गाइड, पोर्टर, चालकहरू बेरोजगार बने। पर्यटन केवल विदेशी मुद्रा आर्जन गर्ने क्षेत्र मात्र नभई लाखौँ नेपालीको रोजगारीसँग प्रत्यक्ष जोडिएको हुनाले यसको धक्का व्यापक सामाजिक दबाबका रूपमा पनि देखा पर्‍यो।

विश्व पर्यटन परिषद्को तथ्याङ्कअनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनमा पर्यटनको योगदान करिब ८ प्रतिशत छ भने रोजगारी सिर्जनामा यसको योगदान १० प्रतिशतभन्दा बढी छ। यस्तोमा, पर्यटनमा आएको झड्काले आर्थिक मात्र नभई सामाजिक संरचनामा समेत ठूलो दबाब सिर्जना गरेको छ। विगतका अनुभवले देखाएको छ कि भूकम्प, महामारी वा बन्दाबन्दीको समयमा जस्तै, पर्यटन नै पहिलो प्रभावित क्षेत्र बन्ने र अन्तिममा मात्रै उठ्ने प्रवृत्ति देखिन्छ। यही कारणले आन्दोलनले दिएको क्षति अल्पकालीन मात्र नभई दीर्घकालीन हुनसक्ने संकेत दिएको छ। नेपालको हालको अवस्थाले दक्षिण एशियाका अन्य मुलुकहरूले भोगेका संकट स्मरण गराउँछ। श्रीलङ्कामा २०१९ को इस्टर बम विस्फोटपछि पर्यटक आगमन ७० प्रतिशतले घटेको थियो, जसले अर्थतन्त्रलाई वर्षौंसम्म कमजोर बनायो। २०२२ को आर्थिक संकट र सडक आन्दोलनले थप धक्का दियो, तर पारदर्शी सञ्चार र अन्तर्राष्ट्रिय सहकार्यका कारण उनीहरूले विस्तारै पुनःस्थापना गरे। माल्दिभ्समा २०१८ को राजनीतिक संकटपछि पर्यटक संख्या घटेको थियो, तर सरकार-निजी क्षेत्र सहकार्य र आक्रामक प्रचार अभियानमार्फत छिट्टै पुनःउठान सम्भव भयो। यी अनुभवले नेपाललाई स्पष्ट सन्देश दिन्छन्, संकटपछि पुनःस्थापना सम्भव छ। तर सही रणनीति, सहकार्य र दीर्घकालीन दृष्टिकोण अनिवार्य हुन्छ।

नेपालमा अहिले दुई तहको चुनौती देखिन्छ। पहिलो, तत्कालीन क्षति-जस्तै होटल, एयरलाइन, ट्राभल एजेन्सी, गाइड सेवा, सांस्कृतिक कार्यक्रम र स्थानीय व्यवसायमा आएको घाटा। दोस्रो, दीर्घकालीन विश्वासको संकट-अन्तर्राष्ट्रिय बजारमा नेपाल असुरक्षित छ भन्ने धारणा, जसले ब्रान्ड इमेजमा नकारात्मक असर पार्छ। यदि समयमै कदम चालिएन भने यो धारणा दीर्घकालीन हुनसक्छ र बजार गुम्ने जोखिम उच्च हुन्छ। यस्तो अवस्थामा, संकट व्यवस्थापनका लागि बहुआयामिक उपाय आवश्यक हुन्छन्। अन्तर्राष्ट्रिय सञ्चारलाई पारदर्शी बनाउनुपर्नेछ, जसअन्तर्गत नेपाल अझै सुरक्षित गन्तव्य हो भन्ने सन्देश विश्वभरि फैलाउनुपर्छ। आन्दोलनकै बीचमा अन्नपूर्ण, मनास्लु र सगरमाथा क्षेत्रमा विदेशी आरोहीहरूले सफल आरोहण गरेका घटनालाई प्रवर्द्धन गर्न सकिन्छ। यस्ता तथ्यहरूले असुरक्षाको धारणा कम गर्न मद्दत गर्छन्। प्रमुख गन्तव्यहरूलाई सुरक्षित जोन घोषणा गरेर यातायात, आवास र गाइड सेवामा कुनै अवरोध नहुने ग्यारेन्टी दिन सकिन्छ। यसले अन्तर्राष्ट्रिय बजारमा विश्वास बढाउँछ। भारत, बङ्गलादेश, श्रीलङ्का जस्ता नजिकका बजारमा लचिलो बुकिङ नीति, छुट सुविधा, स्वास्थ्य र सुरक्षा ग्यारेन्टीसहित प्रचार अभियान चलाउन सकिन्छ।आन्दोलनको मूल कारण नै युवामा बढ्दो असन्तुष्टि हो। यस्तोमा, पर्यटन क्षेत्र नै युवालाई अवसर दिने प्लेटफर्म बन्न सक्छ। गाइड तालिम, होमस्टे सञ्चालन, हस्तकला उत्पादन, डिजिटल मार्केटिङ, साहसिक पर्यटन सेवा आदिमा उनीहरूको सहभागिता बढाउन सकिन्छ। यसले आन्दोलनको नकारात्मक ऊर्जा उत्पादनशील शक्तिमा परिणत गर्न सक्छ। ग्रामीण बस्तीमा पर्यटक पुग्दा होमस्टे, हस्तकला, स्थानीय खाना र सांस्कृतिक प्रस्तुतिबाट प्रत्यक्ष आम्दानी बढ्छ। यसले पर्यटनलाई आत्मीय र दिगो बनाउँछ, साथै सामाजिक असमानता घटाउन पनि मद्दत गर्छ।

दीर्घकालीन दृष्टिकोणमा अन्तर्राष्ट्रिय सहकार्य अपरिहार्य हुन्छ। विश्व पर्यटन संगठन, अन्तर राष्ट्रिय ट्राभल एजेन्सी, बीमा कम्पनी र एयरलाइनसँग सहकार्य गरेर नेपाललाई पुनःस्थापित गर्न सकिन्छ। स्थायी 'पर्यटन संकट व्यवस्थापन इकाई' गठन गरेर भविष्यमा यस्ता चुनौती आउँदा तुरुन्त प्रतिक्रिया दिन सकिन्छ। सरकार र निजी क्षेत्रले मिलेर विशेष अनुदान, कर छुट, ऋण पुनःतालिकीकरण सुविधा जस्ता आर्थिक उपाय लागू गर्न सकिन्छ। होटल, ट्राभल एजेन्सी, गाइड र होमस्टे सञ्चालकलाई सहज ऋण, तालिम र कर छुट दिन सकिन्छ, जसले पुनःप्रवाह सिर्जना गर्छ र रोजगारी बढाउँछ।

पर्यटन केवल अस्थायी आम्दानी होइन, राष्ट्रिय अर्थतन्त्र र सामाजिक स्थायित्वसँग जोडिएको क्षेत्र हो। जेन जेड आन्दोलनले देखाएको छ कि सुशासन, पारदर्शिता, समान अवसर र राजनीतिक स्थिरता बिना पर्यटन दिगो हुन सक्दैन। नेपालले भूकम्प, महामारी र बन्दाबन्दी पार गरिसकेको अनुभवले देखाएको छ-संकटलाई अवसरमा बदल्न सकिन्छ। तर यस पटक आवश्यक छ दीर्घकालीन सोच र साझा सहकार्य। पारदर्शी सञ्चार, सुरक्षा सुनिश्चितता, युवा अवसर सिर्जना, लचिलो नीति र अन्तर राष्ट्रिय सहकार्यलाई प्राथमिकतामा राखियो भने नेपाल फेरि सुरक्षित, आत्मीय र साहसिक गन्तव्यका रूपमा विश्वसामु प्रस्तुत हुन सक्छ।

यो अवस्थाबाट बाहिर निस्कनका लागि दीर्घकालीन सोच र नवीन दृष्टिकोण आवश्यक छ। पहिलो, पर्यटनलाई संकट-प्रतिकारक बनाउन 'विविधीकरण' अपरिहार्य छ-एकतर्फ विदेशी पर्यटकमा मात्र निर्भर नहुने, अर्कोतर्फ घरेलु पर्यटनलाई सबल बनाउने। दोस्रो, 'विश्वास' पुनःनिर्माणका लागि पारदर्शी सञ्चार प्रणाली स्थापना गर्नुपर्छ, जसमा सरकार, निजी क्षेत्र र स्थानीय समुदाय सबैको साझा भूमिका होस्। तेस्रो, अन्तर राष्ट्रिय बजारमा नेपाललाई केवल प्राकृतिक सौन्दर्य वा साहसिक गतिविधिले मात्र होइन, संकटलाई व्यवस्थापन गर्न सक्ने सक्षम देशका रूपमा पनि चिनाउनुपर्छ।

चौथो, पर्यटन क्षेत्रलाई स्थायित्व दिने गरी 'सामाजिक अनुबन्ध' निर्माण गर्नुपर्छ–जहाँ आन्दोलन, असन्तुष्टि वा नीतिगत अस्थिरताबाट सर्वाधिक प्रभावित हुने समुदायलाई प्राथमिकतामा राखेर अवसर, तालिम र आर्थिक सुरक्षाको सुनिश्चितता दिलाइयोस्। यस्ता उपायहरू अपनाएमा पर्यटन केवल असुरक्षित क्षेत्र होइन, संकटपछि अझ सबल भएर उठ्ने गतिशील उद्योग बन्न सक्छ। जेन जेड आन्दोलनले पर्यटन क्षेत्रमा गहिरो धक्का पुर्‍याएको छ, तर यसले सुधार र पुनःनिर्माणको अवसर पनि दिएको छ। संकटबाट सिकेका पाठलाई कार्यान्वयन गर्ने हो भने नेपालको पर्यटन क्षेत्र पुनः उन्नतिको बाटोमा लाग्न सक्छ। सहकार्य, नवप्रवर्तन र दीर्घकालीन दृष्टिकोण अपनाए नेपाल फेरि अन्तर्राष्ट्रिय पर्यटन नक्शामा शक्तिशाली रूपमा उदाउन सक्छ। संकटलाई क्षति मात्र नभई अवसरका रूपमा हेरिनुपर्ने आवश्यकता यस आन्दोलनले प्रष्टसँग देखाइदिएको छ, र यदि सही रणनीति अपनाइयो भने नेपालको पर्यटन फेरि नयाँ उचाइमा पुग्ने सम्भावना अवश्य छ।

# पर्यटकीय याममा सौराहाका होटलमा बुकिङ रद्द

**रासस**
चितवन, २ असोज

यहाँको पर्यटकीय क्षेत्र सौराहाका होटलहरूमा पर्यटकले धमाधम बुकिङ रद्ध गरेका छन्। पर्यटकीय याममा समेत पर्यटकले बुकिङ् रद्द गरेका हुन्।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि अन्तरराष्ट्रिय जगतमा नकारात्मक सन्देश प्रवाह हुँदा अधिकांश होटलका बुकिङ रद्द भएको जनाइएको छ। क्षेत्रीय होटल सङ्घ सौराहाका अध्यक्ष ओम पाण्डेले सेप्टेम्बरका लागि बुकिङ भएका होटल शत प्रतिशत रद्द भएको जानकारी दिनुभयो। उहाँका अनुसार आगामी महिनाहरूका लागि भएका बुकिङ पनि रद्द भइरहेको छ। "यो महिनामा ६५ देखि ७० प्रतिशत होटलका कोठा बुकिङ् भएका थिए", उहाँले भन्नुभयो "अहिले एक/दुई वटा कोठामा मात्र पर्यटक छन्।"

देशभर आन्दोलन चलिरहँदा पनि सौराहाका होटलहरूमा पर्यटक राम्रै सङ्ख्यामा थिए। तर उनीहरू गएपछि थप पर्यटक आएनन्। क्षेत्रीय होटल सङ्घ सौराहाका निवर्तमान अध्यक्ष दीपक भट्टराईले अन्तरराष्ट्रिय जगतमा नकारात्मक सन्देश प्रवाह भएकाले ट्राभल एजेन्सीमार्फत पर्यटकले सुरक्षित हुन नसकिने भन्दै दैनिक एक सय हाराहारीमा इमेल र म्यासेज पठाइरहेको बताउनुभयो।

उहाँका अनुसार अहिले सौराहामा होटलको क्षमताको तुलनामा पाँच प्रतिशत पनि पर्यटक छैनन्। चितवन राष्ट्रिय निकुञ्ज घुम्नका लागि पर्यटक सौराहा आउने गर्दछन्। यो निकुञ्ज जङ्गल सफारीका लागि विश्वमै परिचित छ।

# मुस्ताङको चराङमा 'चार्जिङ स्टेसन'

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २ असोज

जोमसोम-कोरला राजमार्ग सडकअन्तर्गत उपल्लो मुस्ताङको चराङमा चार्जिङ स्टेसन स्थापना गरिएको छ। चार्जिङ स्टेसनको आज लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले शुभारम्भ गर्नुभयो।

अध्यक्ष विष्टले पछिल्लो चार्जिङ स्टेसन सञ्चालनमा आएपछि उपल्लो मुस्ताङ र कोरलानाकासम्म पुग्ने विद्युतीय सवारीसाधनका लागि ठूलो सहयोग मिलेको बताउनुभयो। जोमसोमदेखि माथिल्लो क्षेत्रमा विद्युतीय चार्जिङ स्टेसन नहुँदा कोरलासम्म जाने यात्रुले जोमसोममै विद्युतीय सवारी छाडेर जानुपर्ने अवस्था थियो। चार्जिङ स्टेसन ओमडा एण्ड जेको नेपाल कम्पनीले सञ्चालनमा ल्याएको हो। उक्त कम्पनीका प्राविधिक कृष्ण पोखरेलले चराङमा नेपाल विद्युत् प्राधिकरणको ३३ केभी क्षमताको प्रसारण लाइन नभएकाले तत्कालका लागि सामान्य चार्जिङ स्टेसन स्थापना गरिएको बताउनुभयो।



स्थानीय जनप्रतिनिधि र सरोकारवालासँग छलफलपछि चार्जिङ स्टेसन स्थापना गरिएको पोखरेलले बताउनुभयो। चार्जिङ स्टेसन स्थापनाले स्थानीयस्तरमा रोजगारी सृजना हुनुका साथै वातावरणमा पनि सहयोग पुग्ने उहाँको विश्वास छ।

# कालीगण्डकी करिडोर: २३४ किमी कालोपत्र, ३६ वटा पुल निर्माण

**पोखरापत्र संवाददाता**
बागलुङ, २ असोज

राष्ट्रियगौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरको गैँडाकोट-राम्दी-मालढुङ्गा खण्डमा ८० प्रतिशत भौतिक काम भएको छ।

आयोजना सुरु भएको १६ वर्षमा करिडोरअन्तर्गत उक्त खण्डमा पर्ने २९३ किमीमध्ये २३४ किमी सडक कालोपत्र, ३६ वटा पुल निर्माणसम्पन्न भएका छन्भने छवटा पुल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

गैँडाकोट-राम्दी-मालढुङ्गा सडक योजना पाल्पाको तथ्याङ्कअनुसार बागलुङ, गुल्मी, पाल्पा, नवलपुर र कालीगण्डकी लोकमार्ग मिर्मि-सेतीवेनी-फलेवास-अर्मादी-कुश्मा खण्डकको स्याङ्जा र पर्वत जिल्लामा फैलिएको उक्त खण्डमा ८० प्रतिशत भौतिक प्रगति र ७० प्रतिशत वित्तीय प्रगति भएको छ।

आयोजना सुरु भएको १६ वर्षमा बाटो खोल्न, स्तरोन्नति, चौडा पार्न, कालोपत्र गर्न र पुलहरू निर्माणका लागि रु १४ अर्ब सात करोड खर्च भएको करिडोर आयोजनाका इन्जिनियर उत्सव बस्यालले जानकारी दिनुभयो। आर्थिक वर्ष २०६६/६७ मा सुरु गरिएको आयोजना र २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। रु २० अर्ब लागत अनुमान गरिएको उक्त २९३ किमी खण्डमा हालसम्म ७० प्रतिशत रकम खर्च भइसकेको छ। इन्जिनियर बस्यालले हालसम्म १४५ किमी सडक सम्पन्न भएर सडक डिभिजन कार्यालयलाई हस्तान्तरण गरिसकिएको जानकारी दिनुभयो। उक्त खण्डमा पहिराको ठेक्का व्यवस्थापन, शून्य दशमलव ४२ किमी सडकको ठेक्का व्यवस्थापन र १७ वटा पुल बन्न बाँकी रहेको उहाँले जानकारी दिनुभयो।

करिडोर गैँडाकोट-राम्दी-मालढुङ्गा खण्ड चार जिल्ला र कालीगण्डकी लोकमार्ग मिर्मि-सेतीवेनी-फलेवास-अर्मादी-कुश्मा खण्ड दुई जिल्लामा फैलिएको रहेको छ। करिडोरको नवलपुरमा ७७ दशमलव ९७ किमी, पाल्पामा ८६ दशमलव २७ किमी, गुल्मीमा ४१ दशमलव ०६ किमी, बागलुङमा ३४ दशमलव ७० किमी, स्याङ्जामा १० किमी र पर्वतमा ४३ किमी पर्दछ।

# तीन दिनमा मुस्ताङ भन्सारमा नौ करोड ७० लाख राजस्व सङ्कलन

**रासस**
मुस्ताङ, २ असोज

मुस्ताङ भन्सार कार्यालय न्हेचुङमा तीन दिनको अवधिमा रु नौ करोड ७० लाख ६४ हजार राजस्व सङ्कलन भएको छ।

नेपाल-चीन उत्तरी कोरला नाकाबाट आयात गरिएका मालवस्तुबाट भन्सारले उक्त राजस्व सङ्कलन गरेको हो। कोरलानाका ११ दिन अघि पूर्ण रुपमा सञ्चालनमा आएको थियो। तर, कार्यालयको आन्तरिक तयारी तथा व्यवस्थापन गर्नुपर्ने भएकाले कार्यसम्पादन सोमबारदेखि सुरु गरिएको थियो। चीनतर्फ भन्सार जाँचपास गरी कोरला नाकाबाट हालसम्म १६१ विद्युतीय कारसहित ८५ मालवाहक मझौला कन्टेनर कोरला नाकाको चिनियाँ भन्सारबाट मालवस्तु लोड गरी भन्सार कार्यालय न्हेचुङमा जाँचपासका लागि रोकिएका मुस्ताङ भन्सार कार्यालयका प्रमुख रमेश खड्काले जानकारी दिनुभयो।

चिनियाँ भन्सारबाट जाँचपास भई मुस्ताङ भन्सारमा जाँचपासका लागि रोकिएका ८५ कन्टेनरमध्ये हालसम्म ४५ कन्टेनरको भन्सार जाँचपास भइसकेको उहाँले बताउनुभयो। यहाँबाट जाँचपास भईसकेका ४५ मालवाहक कन्टेनरबाट उल्लेखित भन्सार राजस्व सङ्कलन भएको हो।

मुस्ताङ भन्सारबाट नेपाली मालवस्तु चीनतर्फ निकासका लागि दुई गाडीको भन्सार जाँचपास भइसकेको भन्सार प्रमुख खड्काले बताउनुभयो। चीनतर्फ निकासी भएका सामान हस्तकलाका सामग्री हुन्। चीनबाट आयात गरिएका दसैँ लक्षित मालवस्तु लोड गरिएका कन्टेनरमध्ये जाँचपास भइसकेका ४५ कन्टेनर गन्तव्यतर्फ प्रस्थान गरिसकेको र जाँचपास हुन बाँकी ४० कन्टेनरको भन्सार जाँचपास हुन बाँकी रहेको भन्सार प्रमुख खड्काको भनाइ छ। यसैगरी चीनबाट आयात गरिएका १६० विद्युतीय गाडीको पनि भन्सार जाँचपास हुन बाँकी रहेको उहाँले बताउनुभयो।

चीनबाट आयात गरी मुस्ताङ भन्सारमा जम्मा भएका कुनै पनि विद्युतीय गाडीको हालसम्म जाँचपास भइनसकेको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिनुभयो। भन्सार कार्यालयमा सीमित कर्मचारी हुँदा भन्सार जाँचपासमा ढिलाइ भएको उहाँको भनाइ छ। बैंक तथा वित्तिय संस्थाले चीनबाट आयात हुने मालवस्तुको मुस्ताङ भन्सारमा जाँचपास तथा आयात वस्तुका लागि प्रतितपत्र (एससी) खोल्न पर्ने व्यवस्था गरिएको छ।

# बेनी-दरवाङ सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ असोज

म्याग्दीका तीन वटा स्थानीय तहलाई सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरवाङ सडकमा यातायात सेवा अवरुद्ध भएको छ। यो सडक म्याग्दीको पश्चिमी क्षेत्रको 'लाइफलाइन' मानिन्छ।

मङ्गला गाउँपालिका-२ लाम्पाटामा बुधबार राति खसेको पहिरोका कारण मङ्गला, मालिका र धवलागिरी गाउँपालिकाको जिल्ल्ला सदरमुकाम बेनी बजारसँग सिधा यातायात सम्पर्क टुटेको हो। सडक अवरुद्ध हुँदा स्थानीयबासीलाई आवतजावत, ढुवानी र निकासीमा समस्या भएको छ। निर्माणाधिन जलविद्युत्, प्रशारण लाइन, सवस्टेशन, सडक, भवनलगायतका विकास आयोजनाहरु प्रभावित भएका छन्। विंस २०७३ अघि पनि लाम्पाटामा पहिरोको समस्या थियो। तत्कालीन जिविसले एशियाली विकास बैंकको सहयोगमा सो ठाउँमा पहिरो नियन्त्रण गरेको थियो। सडक माथिबाट नौ वर्षपछि पुनः पहिरो खस्न थालेको मङ्गला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो। "लाम्पाटामा सडकमाथिको पाखो थप चर्किएकाले जुनसुकै बखत ठूलो पहिरो खस्ने जोखिम छ," उहाँले भन्नुभयो "दरवाङ जान आउनका लागि हलुका सवारी साधनका लागि माटेबगर-पोक-पिपलबोट-छिसवाङ-खोप्टी-छ्यारछ्यारे-दरवाङ जोड्ने वैकल्पिक सडकको व्यवस्था मिलाएका छौ।" अध्यक्ष रोकाले बिहीबार सार्वजनिक सूचना जारी गरेर पैदलयात्रुहरुका लागि बाबियाचौर- डौडेखोला-रसपुर-अल्काचौर-लाम्पाटा पदमार्ग प्रयोग गर्न अनुरोध गर्नुभएको छ। पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख बिष्णु पौडेलले अपराह्न देखि डोजर परिचालन गरेर सडकको पहिरो पन्छाउन सुरु गरेको बताउनुभयो। पहिरो पन्छाउने डोजर पर्वतको मिलनचोकबाट टेलरमा राखेर लैजानुपर्ने भएकाले ढिलाइ भएको उहाँले बताउनुभयो। म्याग्दी १(२) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली आफै पहिरो स्थलमा पुगेर सडक खुलाउन पूर्वाधार विकास कार्यालयसँग समन्वय गर्नुभएको छ। बेनीदेखि लाम्पाटा जाने क्रममा डोजरले बेनी नगरपालिका र मङ्गला गाउँपालिकाको सिमानामा रहेको फापरखेतको पहिरोमा सडक फराकिलो बनाएको छ। पहिरोले सडक साघुरिदाँ ठूला सवारी साधन आवत जावतमा समस्या भएपछि फराकिलो पारिएको हो। फापरखेत, लाम्पाटा र बाङ्गेपहिरो २४ किलोमिटर दुरीको बेनी-दरवाङ सडकको चुनौति तबनेका छन्। यो सडक गण्डकी प्रदेश सरकारमार्फत स्तरोन्नति चरणमा पुगेको छ।

# जैविक खेतीलाई अबलम्बन गर्दै घराम्दी र टिकोटका किसान

**रासस**
म्याग्दी, २ असोज

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ घराम्दी र टिकोटका किसानले जैविक विधिबाट तरकारी खेती गरेका छन्।

खर्चिलो र मानव स्वास्थ्यका लागि प्रतिकूल मानिएको रासायनिक विषादी र मलको विकल्पमा घरेलु विधीबाट तरकारी, खाद्यबाली र आलु खेती गरेका हुन्। आलु खेतीको पकेट क्षेत्र टिकोट र घराम्दीका बासिन्दाले बन्दा, काउली, साग, किबी, गोलभेडा, काँक्रो, सिमी लगायत मौसमी तथा बेमौसमी तरकारी खेती गरेका छन्। यहाँ ५० जना भन्दा बढी व्यवसायिक किसान छन्। टिकोटका किसान टिका तिलिजा पुनले तरकारीमा रोगकिरा लाग्न नदिन र नियन्त्रण गर्नका लागि गाईभैँसीको मलमूत्र प्रयोग गरेको बताउनुभयो। "पलास्टिकको बोतलमा सङ्कलन गरेर राखेको गाईभैँसीको मूत्रलाई आवश्यक पर्दा बिरुवाको जरा, जरामा हाल्छौँ," उहाँले भन्नुभयो "टीकोटमा रासायनिक मल पनि अहिलेसम्म भित्रिएको छैन्।" टिकोट र घराम्दीमा करिब दुई सय ५० घरपरिवारको बसोबास छ। यहाँका किसानको प्रत्येक गोठमा गाईभैँसीको मुत्र सङ्कलन गरेर राखेका छन्। पिसाबमा भएको किटाणुलाई नष्ट गर्ने क्षमता कायमै राख्नका लागि बन्द बोतल प्रयोग गरेका हुन्।

मल र गहुँतका लागि किसानले घरघरमा गाईभैँसी र गोरु पालेका छन्। जङलबाट स्याउला र सोत्तर कुहाएर मल बनाउने गरेका छन्। गहुँतमा बोझो, केतुकी, खुर्सानी, टिम्मुरको पातको टुक्रा मिसाएर बनाएको जैविक विषादी प्रभावकारी हुने घराम्दीका किसान गमप्रसाद फगामीले बताउनुभयो। "तापक्रम वृद्धि र मौसम परिवर्तनको असरले पछिल्लो समय नयाँ कीरा देखिएका छन," उहाँले भन्नुभयो "मैले जानकारी पाएसम्म यो गाउँमा विषादी र रासायनिक मल प्रयोग गरिएको छैन्।" "जैविक विधिबाट उत्पादन भएको आलु र तरकारी स्वच्छ हुने भएकाले बजारमा माग उच्च छ," उहाँले भन्नुभयो "मूल्य पनि राम्रो पाएको छ।" बेनी, कुश्मा, बागलुङ र पोखरामा टिकोट र घराम्दीको आलु तथा तरकारी खपत हुन्छ। आलु र बन्दाखेती यहाँका बासिन्दाको प्रमुख आयस्रोत हो। यहाँबाट वार्षिक रु दुई करोड भन्दा बढी मूल्यको आलु र रु. एक करोड बराबरको बन्दा बिक्री हुने गरेको अन्नपूर्ण गाउँपालिका-७ का वडा सदस्यसमेत रहेका टिकोटका व्यावसायिक किसान वुद्धिविर पुनले बताउनुभयो।

टिकोट र घराम्दी समुन्द्रि सतहदेखि दुई हजार तीन सय मिटर उचाइमा रहेको छ। चिसो हावापानीमा जैविक विधिबाट उत्पादन भएको तरकारी स्वस्थकर र स्वादिलो हुने भएकाले उपभोक्ताको रोजाईमा परेको छ।

अन्नपूर्ण गाउँपालिकाले टिकोटमा तरकारी पकेट कार्यक्रम सञ्चालन गरेको कृषि अधिकृत श्याम शरण कुर्मीले बताउनुभयो। कार्यक्रममार्फत कसानलाई तरकारी खेतीका लागि आवश्यक बीउ, टनेल, सिँचाइ सामग्री उपलब्ध गराएको उहाँले बताउनुभयो।


# कालीगण्डकी करिडोर: २३४ किमी कालोपत्र, ३६ वटा पुल निर्माण

**पोखरापत्र संवाददाता**
बागलुङ, २ असोज

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरको गैँडाकोट-राम्दी-मालढुङ्गा खण्डमा ८० प्रतिशत भौतिक काम भएको छ।

आयोजना सुरु भएको १६ वर्षमा करिडोरअन्तर्गत उक्त खण्डमा पर्ने २९३ किमीमध्ये २३४ किमी सडक कालोपत्र, ३६ वटा पुल निर्माणसम्पन्न भएका छन्भने छवटा पुल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। गैँडाकोट-राम्दी-मालढुङ्गा सडक योजना पाल्पाको तथ्याङ्कअनुसार बागलुङ, गुल्मी, पाल्पा, नवलपुर र कालीगण्डकी लोकमार्ग मिर्मि-सेतीवेनी-फलेवास-अर्मादी-कुश्मा खण्डकको स्याङ्जा र पर्वत जिल्लामा फैलिएको उक्त खण्डमा ८० प्रतिशत भौतिक प्रगति र ७० प्रतिशत वित्तीय प्रगति भएको छ। आयोजना सुरु भएको १६ वर्षमा बाटो खोल्न, स्तरोन्नति, चौडा पार्न, कालोपत्र गर्न र पुलहरू निर्माणका लागि रु १४ अर्ब सात करोड खर्च भएको करिडोर आयोजनाका इन्जिनियर उत्सव बस्यालले जानकारी दिनुभयो। आर्थिक वर्ष २०६६/६७ मा सुरु गरिएको आयोजना र २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ।

रु २० अर्ब लागत अनुमान गरिएको उक्त २९३ किमी खण्डमा हालसम्म ७० प्रतिशत रकम खर्च भइसकेको छ। इन्जिनियर बस्यालले हालसम्म १४५ किमी सडक सम्पन्न भएर सडक डिभिजन कार्यालयलाई हस्तान्तरण गरिसकिएको जानकारी दिनुभयो। उक्त खण्डमा पहिराको ठेक्का व्यवस्थापन, शून्य दशमलव ४२ किमी सडकको ठेक्का व्यवस्थापन र १७ वटा पुल बन्न बाँकी रहेको उहाँले जानकारी दिनुभयो।

करिडोर गैँडाकोट-राम्दी-मालढुङ्गा खण्ड चार जिल्ला र कालीगण्डकी लोकमार्ग मिर्मि-सेतीवेनी-फलेवास-अर्मादी-कुश्मा खण्ड दुई जिल्लामा फैलिएको रहेको छ। करिडोरको नवलपुरमा ७७ दशमलव ९७ किमी, पाल्पामा ८६ दशमलव २७ किमी, गुल्मीमा ४१ दशमलव ०६ किमी, बागलुङमा ३४ दशमलव ७० किमी, स्याङ्जामा १० किमी र पर्वतमा ४३ किमी पर्दछ।



HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं ५९७००५७, पो ब नं २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Uli 4070000956 | मिलन कुमार परियार | कुश्मा-८, पर्वत |
| २ | Gli 061001200 | उषा श्रेष्ठ | पोखरा-६,कास्की |
| ३ | Pli 1610002680 | रोमा कुमारी सिग्देल | बिरुवा-६,स्याङ्जा |


# बागलुङमा साल्ट ट्रेडिङ कर्पोरेसनद्वारा सुपथ मूल्य पसल सञ्चालन

**पोखरापत्र संवाददाता**
बागलुङ, २ असोज

बागलुङमा चाडपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालनमा आएको छ। साल्ट ट्रेडिङ कर्पोरेसन बागलुङले बुधबारदेखि सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको हो।

नजिकिँदै गरेको दसैँ, तिहार, छठलगायत ठूला चाडपर्वमा नागरिकलाई सहुलियतका लागि बागलुङ नगरपालिका-४ उपल्लाचौरमा सुपथ मूल्य पसल सञ्चालन ल्याएको साल्ट ट्रेडिङ कार्यालयका प्रमुख मनोजकुमार श्रेष्ठले जानकारी दिनुभयो। कार्यलयले हरेक वर्ष सुपथ मूल्य पसल सञ्चालनमा ल्याउने गरेको उहाँको भनाइ छ। पसलबाट ग्राहकले सुपथ मूल्यमा नुन, चिनी र तेल खरिद गर्न सक्ने प्रमुख श्रेष्ठले बताउनुभयो। उक्त पसलबाट चिनी प्रतिकिलो ९५ रूपैयाँ, नुन प्रतिकिलो २४ रूपैयाँ र शुद्ध तोरीको तेल प्रतिलिटर ३५५ रूपैयाँमा बिक्री भइरहेको प्रमुख श्रेष्ठले जानकारी दिनुभयो। प्रतिव्यक्ति अधिकतम छ किलो चिनी, पाँच किलो नुन र पाँच लिटर तेल किन्न पाइने उहाँ बताउनुहुन्छ।

प्रमुख श्रेष्ठले भन्नुभयो, "हरेक वर्ष मुख्य चाडबाडका मेला सुपथ मूल्य पसल सञ्चालन गर्दै आएका छौँ, यसपाली बजार मूल्यभन्दा चिनी प्रतिकिलो रु १०, नुनमा रु २ र शुद्ध तोरीको तेलमा प्रतिलिटर रु ७० छुटको व्यवस्था रहेको छ, सुपथ मूल्य पसल कात्तिक १० गतेसम्म बिहान १० बजेदेखि दिउँसो ४:३० बजेसम्म सञ्चालन हुनेछ।"

# सुनसान 'कर्लिम गाउँ'

**पोखरापत्र संवाददाता**
बगलुङ, २ असोज



"यति धेरै जग्गाजमिन सबै बाँझो भयो, गाउँभरिका घर सबै रित्तिए, दुःख पर्दा सहायता दिने छिमेकी पनि छैनन्", बागलुङ काठेखोला गाउँपालिका-५ कर्लिमका तिलबहादुर कँडेल भन्नुहुन्छ। उहाँलाई अचेल एक्लो महसुस हुँदै गएको छ।

कँडेललाई छरछिमेकी गाउँबाट बसाइँसराइ गरेर सहर झरेपछि कर्लिम गाउँ रित्तो बनेकामा निकै दुःख लागिरहेको छ। कुनै बेला गुल्जार रहेको यो गाउँमा दुई/चार घरमा मात्रै मान्छे भेटिन्छन्। यसैकारण समस्या पर्दा गुहार माग्दासमेत सहयोग गर्ने कोही नभएको कँडेल बताउनुहुन्छ। "गाउँमा बिमार पर्दासमेत अस्पतालसम्म पुऱ्याउने मान्छेसमेत नपाइने अवस्था छ। गाउँघर झाडीले ढाकिन थालेपछि वन्यजन्तुको आतङ्क बढ्दै गएको छ। घरकै छेउमा वन्यजन्तुले बासस्थान बनाउँदा हिँड्डुल गर्न पनि त्रास हुने गरेको छ", उहाँ भन्नुहुन्छ।

स्थानीय मैना सुवेदीले गाउँमा युवा शक्ति नहुँदा खेतीबारीमा काम गर्नसमेत छोडिएको बताउनुभयो। एक दशक अगाडिसम्म गाउँमा धेरै मान्छे हुँदा रमाइलो रहेको स्मरण गर्दै हरेक वर्ष जनसङ्ख्या घट्दै जाँदा दुःख सुखमा पनि मान्छे नभेट्ने अवस्था रहेको उहाँको भनाइ छ।

यस्तो अवस्था अन्त्यका लागि राज्यले बसाइँसराइलाई व्यवस्थापन गर्नुपर्ने र घर खाली राख्न नपाइने नीति ल्याउनुपर्ने सुवेदीको धारणा छ। "गाउँमा निस्किने बाटोसमेत वनमारा र झाडीले पुरिएको छ। युवाहरू विदेश गए। उनीहरूले कमाएको धनले आफ्ना परिवार सहर बजारमा घर बनाएर सारे। धनीमानी सबै सहर बजार र विदेशमा गए। त्यसैले जता हेऱ्यो त्यतै बाँझो जमिन, उराठिलो बस्ती मात्रै देखिन्छ", उहाँले भन्नुभयो। काठेखोलाको कर्लिम मात्र होइन जिल्लाका अन्य धेरै ठाउँबाट बसाइँसराइ गर्नेको सङ्ख्या बढ्दै गएको छ। जसले ग्रामीण क्षेत्र सुनसान छन्।

काठेखोला जिल्लामै धेरै बसाइँसराइ गर्ने ठाउँ हो। यहाँका अधिकांश युवा जापान, कोरिया र अष्ट्रेलियामा छन्भने उनीहरूको परिवार बागलुङ बजार, पोखरा, काठमाडौँ र चिवतन बसाइँ सरेका छन्। काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले नागरिकलाई गाउँमा रोक्नका लागि सीप, प्रविधि र उद्यमसँग जोड्ने कार्यक्रम ल्याइएको बताउनुभयो। पहिलेको तुलनामा गाउँमा धेरै परिवर्तन आए पनि बसाइँसराइ रोक्न नसकिएको उहाँको भनाइ छ। "गाउँमा बसेर उद्यम गर्ने युवालाई अनुदानसहित प्रविधिक सहयोगसमेत गर्दै आएका छौँ। गाउँपालिकाको स्रोतले भ्याएसम्मको काम गरिरहेका छ। यस कार्यमा सबैले सहयोग गर्न आवश्यक छ। गाउँमा अवसर सिर्जना गर्न सबै लागौँ", अध्यक्ष थापाले भन्नुभयो।